कृषकको लागि तथ्यपत्र
नेपाल, पौष, २०७८

www.npponepal.gov.np

# धान बाली खैरो फड्के कीरा व्यवस्थापन

## समस्याको पहिचान

यो कीरा धान बालीको प्रमुख शत्रुकीरा हो । नेपालमा आइ.पि.एम. कृषक पाठशालाको शुरुवात यसै कीरालाई नियन्त्रण गर्ने उद्देश्यले सञ्चालन भएको थियो । नेपालमा तराइका प्रमुख धान उत्पादन हुने जिल्लाहरुमा प्रत्येक वर्ष यस कीराबाट ब्यापक क्षति हुने गरेको छ । यसको प्रकोप धेरै भएमा धान उत्पादन पूर्ण रुपमा नष्ट हुन सक्छ ।




बच्चा (A) तथा वयस्क अवस्था (B)
https://apps.lucidcentral.org/

## समस्याको पृष्ठभूमि

यस कीराको बयस्क तथा बच्चा दुवैले पातको फेदबाट रस चुसेर खान्छ । जसका कारण शुरुमा तल्ला पातहरु र पछि माथिल्ला पातहरु पहेँला भएर जान्छन् । अन्तमाः पुरै वोटहरु चक्ला चक्ला गरी मर्छन जसलाई होपर बर्न भनिन्छ । बढि आद्रता, उष्ण वातावरण, धानबाली फरक फरक समयमा रोपेको क्षेत्र, नाबो धानबाली तथा अत्याधिक नाईट्रोजनयुक्त मलको प्रयोग यस कीराको बृद्धि हुने उपयुक्त वातावरण हुन् । कीटनाशक विषादीको अनावस्यक र पटक पटकको प्रयोगले पनि मीत्र कीराहरुको संख्या घट्न गई यसको संख्यामा बृद्धि हुन जान्छ । कीराको संख्या अस्वभाविक बृद्धिको अनुगमनको लागि विशेष गरी धान बालीको वोटको फेदमा र पानीको सतह माथि हप्तै पिच्छे अवलोकन गर्नुपर्दछ ।



फड्के कीराको क्षति (होपर वर्न)
https://apps.lucidcentral.org/

## व्यवस्थापन

- पृथक/पृथक समयमा धानको रोपाई नगर्ने । एक दुई हप्ता भित्र सबै ठाउँमा रोपाई सकाउने ।
- पहिलेको धानको नाबो हटाउने ।
- रासायनिक मलको सन्तुलित मात्रामा प्रयोग गर्ने । युरिया, डी.ए.पी. र म्यूरेट अफ पोटास मल क्रमशः ६.४ के.जी, २.२ के.जी. र १.७ के.जी का दरले प्रति कठ्ठामा राख्ने ।
- बाक्लो रोपाई नगर्ने। धानको बेर्ना २० से.मी.को फरकमा रोप्ने ।
- विषादीको अनावश्यक रुपमा प्रयोग नगर्ने ।
- यदि यो कीरा एक वटा प्रति सरा र मित्रजीवको संख्या यस भन्दा कम देखिएमा व्यवस्थापन गर्नु पर्ने हुन्छ ।
- खेतको सबै पानी एक हप्ताको लागि निकास गर्ने पुनःखेतमा पानी एक हप्ता राखी त्यस पछि पानी निकास गरी चार पाँच दिन खेत सुख्खा राख्ने गरी सिंचाईको व्यवस्था गर्ने
- नीमजन्य बिषादी ३ देखि ५ एम.एल. प्रती लिटर पानीमा वा क्लोरोपाइरिफस २०% ई.सी. १.५ एम.एल. प्रति लिटर पानीमा वा इमिडाक्लोप्रीड ७०% डब्लु.जी. १ ग्राम १० लिटर पानीमा मिसाई धानको फेदमा पर्ने गरी छर्ने ।



पानीको सतह नजिकै फड्के कीराका वच्चाहरुको झुण्ड
(https://apps.lucidcentral.org/)

**Scientific name ▸ *Nilaparvata lugens***

*विषादीको प्रयोग गर्दा नाक, मुख, आँखा, कानका साथै पुरै शरिरको छाला छोपीने गरी सुरक्षित पहिरन लगाउनु पर्दछ । विषदीको लेबल राम्रोसँग अध्ययन गरी प्रयोग गर्ने मात्रा, पटक र प्रयोग पछि बाली टिप्ने समय राम्रोसँग ख्याल गर्नु पर्दछ । विषादी चर्को घाम वा हावा लागेको समयमा छर्कन हुदैन ।*

**यो तथ्यपत्रमा सिफारिस गरिएका विवरणहरु नेपालको लागि सान्दर्भिक छ।**

**प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र**

तयारकर्ताः डा. फणीन्द्रराज देवकोटा
सम्पर्कः प्लान्ट क्वारेन्ट्इन तथा विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर
Tel : +977–9845182307
Email : frdevkota@gmail.com

**सम्पादन**
रामकृष्ण सुवेदी
मो.नं.
९८५१२३७९४४